# ‘स्त्रीको खेल’ लोककथामा वस्तुविधान

**अर्जुनकुमार श्रेष्ठ, शिक्षक नेपाली विषय, गुह्येश्वरी माध्यमिक विद्यालय, सिनामङ्गल, काठमाडौं**

Email : arjunshrestha039@gmail.com

**सार**

प्रस्तुत ‘स्त्रीको खेल’ लोककथा दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा प्रचलित मझौला आयामको लोककथा हो । प्रस्तुत कथामा स्त्रीले आफ्नो श्रीमान्लाई मार्न दुःख दिएको कुरा देखाइएको छ । राक्षससँग मिलेर राजकुमारकी श्रीमतीले राजकुमारलाई धेरै दुख दिने गरेको र अन्त्यमा खाल्टो खनेर पासो थापी राजकुमारलाई मारेको घटनापछि कथा समापन तिर लाग्छ । लोककथाले समाजको सामाजिक आवरणलाई चित्रण गरेको हुन्छ । यस अध्ययनमा लोकसाहित्यभित्र पर्ने लोककथाको कथानक वा वस्तुविधानलाई चिनाइएको छ । अध्ययनका लागि छनोट गरिएको ‘स्त्रीको खेल’ कथालाई कथानक, पात्र, परिवेश, उद्देश्य र भाषाशैलीमध्ये कथानक वा वस्तुविधानको आधारमा सैद्धान्तिक र कथागत सामग्रीमा प्रयुक्त उद्धरणलाई लिएर विश्लेषण गरिएको छ । यस अध्ययनमा लोकसाहित्यका सिद्धान्त र लोककथाको विधातत्त्वभित्रको कथावस्तुपक्षलाई ध्यानमा राखेर त्यसमा व्यक्त भएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । काल्पनिकतामा आधारित र मनोरञ्जनप्रधान विषयवस्तुलाई बोकेको यस कथाले समयअनुसार काम गर्न जान्नु पर्ने दर्शनलाई बोध गराएको छ । सत्यको विजय हुने भावलाई दर्शाउन सुखान्तक र दुःखान्तक दुवै कथावस्तुका आधारमा यो कथा पूर्वीय दर्शनको पूर्वजन्मको मान्यतामा आधारित छ । पुस्तकालयीय सामग्रीलाई आधार मानेर सम्पन्न गरिएको यस अध्ययनमा गुणात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ । वस्तुविधानको मुख्य पक्ष कथानकको स्रोत, कथानकको गठन, कथानकको विकासक्रम, कौतूहल र कथानकको ढाँचाको आधारमा कथाको विश्लेषण गरी यस अध्ययनको निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

*मुख्य शब्दावली* : पूर्वजन्म, तिलस्मी, कौतूहल, वस्तुविधान, स्वैरकल्पना

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८१/०४/२१, लेख पुनरावलोकन मिति : २०८१/०५/१३, लेख स्वीकृत मिति : २०८०/०८/१६ ।
प्रकाशक : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर । जर्नल होमपेज :
https://www.nepjol.info/index.php/vaikharivani/index DOI: https://doi.org/10.3126/vaikharivani.v2i1.73140 Copy right (c) 2025 Vaikharivani. This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

लोककथा समुदायमा निर्माण भएर प्रसारित हुँदै आएको लोकसाहित्यको महत्वपूर्ण विधा हो । समाजको विकासक्रमसँगै एउटा पुस्ताबाट अर्को पुस्ता हुँदै मौखिक परम्परामा हुर्किएको विधा लोककथा हो । लोककथा ‘लोक’ र ‘कथा’को योगबाट बनेको समस्त शब्द हो । यसको अर्थ लोकको कथा भन्ने हुन्छ । संस्कृत साहित्यमा ‘लोक’ शब्दको प्रयोग खासगरी स्थानका रूपमा र सामान्य जनताका रूपमा गरी दुई अर्थमा प्रयोग गरिएको पाइन्छ । लोकलाई जन पनि भन्ने गरिन्छ । जन शब्दको अर्थ पनि सामान्य जनता हो । यसरी हेर्दा लोककथा शब्दले सामान्य मानिसहरूले भन्ने र सुनाउने कथा भन्ने अर्थ दिन्छ । लोककथा अङ्ग्रेजी भाषाको फोल्कटेल (folktale) को नेपाली रूपान्तरण हो । लोक शब्दको निर्माण लोकदर्शने धातुमा घञ् (अ) प्रत्यय लागेर निर्माण भएको छ । लोकदर्शने धातुको अर्थ हेर्नु, देख्नु भन्ने हुन्छ । यसै धातुबाट निर्मित लोकते शब्दका सन्दर्भबाट लोकको अर्थ हेर्नेवाला, देख्नेवाला भन्ने हुन्छ । यस परिप्रेक्षबाट लोक शब्दको सामान्य अर्थ हेर्ने वा देख्ने कार्य सम्पन्न गर्ने समस्त जनसमुदाय हुन आउँछ (लुइटेल, २०६८, पृ. १) । लोकसाहित्यका अन्य विधाहरूमध्ये लोककथा सबै उमेर समूहका मानिसले रुचाउने परिचित विधा हो । लोककथा

जुनसुकै समयमा भन्न र सुन्न सकिन्छ । यसका लागि कुनै अवसर वा विशेष दिन कुर्नु पर्दैन । काम गर्दागर्दै, चौतारामा विश्राम गर्दा, मकै नङ्ग्याउँदा, मकै छोडाउँदा, बच्चा सुताउँदा, आगो ताप्दा, मनोरञ्जनका लागि लोककथा भन्ने र सुन्ने गरिन्छ । लोककथाको प्रचलन लोकसाहित्यका धारणाको विकासपछि आएको हो । लोककथामा लोकमानसको आदिम रूप रहन्छ र प्राचीनतम समाजका मूल्य, मान्यता र आस्थाको अभिव्यक्ति यसमा हुन्छ (बन्धु,२०५८,पृ.२८५) । यस्ता अभिव्यक्तिहरू रहस्य, रोमाञ्च कुतूहलताले भरिएका हुन्छन् । लोककथा भन्नेले एकादेशमा, उहिल्यै, परापूर्वकालमा भनेर सुरू गर्छ र 'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला' भनेर समापन गरिन्छ । यसरी भनिने लोककथा सुन्दा सुन्ने मान्छेलाई साँच्चै यस्तो भएको थियो होला र ? भन्ने लागिरहन्छ । कतिपय अवस्थामा घटनाहरू लोक मानसमा घटित भएका नै हुन्छन् भने कतिपय घटनाहरू मानव जीवनमा हुनै नसक्ने अर्थात असम्भव किसिमका काल्पनिक पनि हुन्छन् ।

कथामा आउने घटनाहरूको क्रमबद्धताले कथाका पात्र, घटना एवम् उद्देश्यलाई समेटेर एकीकृत गरेको हुन्छ । कथाको सुरुदेखि अन्त्यसम्म रही कथालाई निश्चित स्वरुप दिने घटनाहरूलाई कथानक भनिन्छ । कथाको सबैभन्दा महत्त्वपूर्ण घटक मानिएको कथानकमा कथाकारले विभिन्न घटनाका सूचनाहरूलाई प्रस्तुत गरेका हुन्छन् । कथानकको स्रोतकै आधारमा कथाको विषय, प्रस्तुति र प्रभावकारिताको मूल्याङ्कनगर्न सकिन्छ । त्यसैले कथाको कलात्मक रचनामा कथानकको भूमिका पनि निकै महत्त्वपूर्ण हुन्छ । यसरी हेर्दा कथावस्तुकै कारण कथाहरू ऐतिहासिक, पौराणिक, यथार्थवादी, मनोविश्लेषणात्मक,स्वैरकाल्पनिक आदि विभिन्न प्रकारका बन्न पुग्छन् । नेपाली कथामा पनि विभिन्न स्रोतहरूबाट घटना, पात्र, परिवेश, चिन्तन लिएर कथानकको रचना गरिएको छ र तिनलाई कलात्मक स्वरूपमा प्रस्तुत गरिएको छ ।

लोककथाको अध्ययनको सम्बन्धमा पूर्वकार्यको चर्चा गर्दा द्रोणकुमार उपाध्याय पौडेल (२०७४) ले 'लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ' नामक पुस्तकमा लोकसाहित्यको भौतिक संस्कृतिसँगको सम्बन्ध, लोकसाहित्यसँगको लोकव्यवहार, लोकविश्वास,औषधोपचार, सांस्कृतिक र धार्मिक अनुष्ठानबारे विश्लेषण गरेका छन् । नवराज भट्ट (२०७४) ले "डोटी जिल्लाको डुम्राकोट क्षेत्रमा प्रचलित लोककथाको अध्ययन" नामक अप्रकाशित दर्शनाचार्य शोधप्रबन्धमा डुम्राकोट क्षेत्रमा प्रचलित लोककथाको विधातात्त्विकक आधारमा विश्लेषण गरेका छन् । पूर्णानन्द ओझा (२०७४) ले 'डोटी क्षेत्रमा प्रचलित लोककथाको संरचना' शीर्षकको दर्शनाचार्य तहको शोधप्रबन्धमा डोटी जिल्लामा प्रचलित पैँतालिसओटा लोककथाहरू सङ्कलन गरी दशओटा लोककथाको भ्लादिमिर प्रोपको संरचनावादी अध्ययन पद्धतिका आधारमा विश्लेषण गरेका छन् । कृष्णा अवस्थी (२०७७) ले "डोटेली लोककथाको विधातात्त्विकक अध्ययन" नामक अप्रकाशित दर्शनाचार्य शोधप्रबन्धमा पन्ध्रओटा लोककथाको सङ्कलन गरी उक्त कथाहरूलाई सामाजिक र किंवदन्तीमूलक लोककथामा वर्गीकरण गरेकी छिन् । सन्तोष कार्की (२०७९) ले "सङ्खुवासभाको धर्मदेवी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक अध्ययन" नामक अप्रकाशित दर्शनाचार्य शोधप्रबन्धमा लोककथाको सैद्धान्तिक पक्ष, लोककथाको वर्गीकरण, लोककथाका आधारमा लोककथाको विश्लेषण गरेका छन् । अहिलेसम्म गरिएका अध्ययनमा दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा प्रचलित लोककथाको वस्तुविधानमा केन्द्रित अध्ययन नभएकोले प्रस्तुत अध्ययनमा दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा प्रचलित मझौला आयामको लोककथा 'स्त्रीको खेल' शीर्षकको लोककथाको वस्तुविधानको अध्ययन गरिएको छ । यस कथाको अध्ययन गर्ने सन्दर्भमा लोककथामा समावेश हुने कथानक, चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीमध्ये कथावस्तुको आधारमा वस्तुविधानको सन्दर्भलाई केलाइएको छ । खोटाङ जिल्लाको दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा सङ्कलित दसओटा कथामध्ये 'स्त्रीको खेल' नामक लोककथालाई अध्ययनका लागि छनोट गरिएको छ ।

लोककथाको संरचनात्मक ढाँचा अनुरूप लोककथाको वस्तुविधानको मुख्य पक्ष कथानकको स्रोत, कथानकको गठन, कथानकको विकासक्रम, कुतूहल र कथानकको ढाँचाको आधारमा कथाको विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

## अध्ययन विधि

प्रस्तुत 'स्त्रीको खेल' शीर्षकको लोककथाको वस्तुविधान अध्ययनलाई तयार पार्नका लागि प्राथमिक स्रोत सामग्रीका रूपमा खोटाङ जिल्लाको दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा प्रचलित 'स्त्रीको खेल' नामक लोककथालाई लिइएको छ । द्वितीयक स्रोत सामग्रीका रूपमा यस अध्ययनसँग सम्बन्धित शोध तथा अन्य अनुसन्धेय सामग्रीलाई प्रयोग गरिएको छ । यस अध्ययनमा खोटाङ जिल्लाको दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा प्रचलिर्त स्त्रीको खेल' कथाको उपयोग गरिएको छ । उपर्युक्त कथालाई कलात्मक बनाउने उपकरणहरूका रूपमा रहेका संवाद, वर्णन, नाटकीकरण, बिम्ब, प्रतीक र चिन्तनका शिल्पलाई पनि प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका निम्ति विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । वस्तुविधानको मुख्य पक्ष कथानकको स्रोत, कथानकको गठन, कथानकको विकासक्रम, कौतूहल र कथानकको ढाँचाको आधारमा कथाको विश्लेषण गरी परिणममा पुगिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोगबाट नेपाली कथामा प्रयुक्त कथाको वस्तुविधानको अध्ययन गरिएको छ । अतः पुस्तकालयीय सामग्रीलाई उपयोग गरी गुणात्मक अध्ययन विधिद्वारा यसलाई सम्पन्न गरिएको छ।


### वस्तुविधानको सिद्धान्त

घटनाहरूको कालक्रमिक विन्यासलाई कथानक भनिन्छ । यो कथाको आधारशिला हो । लोककथामा सामान्य रूपमा घटनाको प्रबलता पाइन्छ। कथामा जसरी घटनाहरूको क्रमबद्ध श्रृङ्खला हुन्छ लोककथामा पनि त्यस्तै प्रकारको विन्यास हुन्छ । कथानकभित्र कार्यव्यापार हुन्छ । कथानक आदि, मध्य र अन्त्यको क्रममा रैखिक वा वृत्ताकारीय ढाँचामा अगाडि बढेको हुन्छ । कथामा आदि, मध्य र अन्त्यको सामञ्जस्य हुन्छ । लोककथामा हुने घटनाक्रमलाई आदि, मध्य र अन्त्यका रूपमा संयोजन गर्ने तत्त्व कथानक हो। आख्यानको आन्तरिक संरचना विभिन्न अवयवहरूको मेलद्वारा हुन्छ। आख्यानका प्रमुख तत्त्व कुन कुन हुन् भन्ने विषयमा विद्वान्हरूका बिच मतैक्यता पाइँदैन । हडसन कथानक, पात्र, संवाद, कार्यको समय र स्थान, शैली, उद्देश्य वा जीवनदर्शनलाई आख्यानको मुख्य तत्त्व मान्दछन् (घर्ती, २०७९, पृ.१५)। हिन्दी साहित्य कोशमा पनि यिनै कुरालाई आख्यानको आवश्यक तत्त्व मानिएको छ। मोहनराज शर्मा (२०५५) ले कथानक, चरित्र, परिवेश, विषयसूत्र, भाषा, शैली, उद्देश्य र दृष्टिबिन्दुलाई कथाका प्रमुख उपकरण मानेका छन् (पृ. ३८४)। आख्यान संरचनाका लागि अपरिहार्य एवं पारस्परिक सम्बन्ध भएका तत्त्व नै प्रमुख तत्त्व हुन्। त्यस्ता तत्त्वहरूमा सामान्यतः कथानक, पात्र, परिवेश, भाषाशैली, उद्देश्य र दृष्टिबिन्दुलाई लिन सकिन्छ।

यसर्थ लोककथामा कथानकलाई अनिवार्य घटक स्वीकार गरिएको छ । लोककथाको निर्माणमा दुईथरी तत्त्वहरूको संयोग पाइन्छ: आख्यानतत्त्व र लोकतत्त्व । आख्यानतत्त्व लोककथाको बाह्य संरचनाको मूल पक्ष हो । सामान्यतः आख्यान विधामा हुने कथानक, पात्र, परिवेश, कथोपकथन, द्वन्द्व, उद्देश्य, शैली र भाषा आदि लोककथामा पनि हुन्छन् र यी सबै तत्त्वहरू आख्यानको बाह्य संरचनामा केन्द्रित हुन्छन् । यी तत्त्वहरूमध्ये पनि लोककथामा कथानकका आन्तरिक तत्त्वका रूपमा अभिप्राय रहेको हुन्छ। लोककथामा प्रयोग हुने घटना, चरित्र र विश्वासहरू जुन बारम्बार दोहोरिरहन्छन्, त्यस्ता परम्परित रूढतत्त्व नै अभिप्राय बन्छन् (पराजुली, २०७१, पृ. ४०)। व्यक्तिका मनमा

चलायमान भएका भावनालाई समाज र जीवनका साथमा कथानकले जोड्ने काम गरेको हुन्छ । यस दृष्टिले लोककथाका घटनाहरूमा पाठकको मनमा कल्पनासँगै उत्सुकता जगाउने काम पनि कथानकले गर्छ । कथानक अगि बढ्दै गर्दा श्रोतामा अब के हुन्छ ? भन्ने कुतूहलता वा जिज्ञासा सिर्जना हुन्छ । सामान्यतः विशिष्ट र असामान्य घटना, चरित्र, कार्य तथा विश्वासले सिर्जना भएका अभिप्राययुक्त आख्यानले लोककथा जीवन्त बन्छ (लामिछाने, २०७७, पृ. ३०४) । लोककथामा काल्पनिक, किंवदन्तीमूलक, स्वैरकाल्पनिक, अतिप्राकृतिक आदि स्रोतबाट कथावस्तु लिइएको हुन्छ । जुन स्रोतबाट कथावस्तु ग्रहण गरिएको भए पनि यसमा प्रायः आदि, मध्य र अन्त्यको सबै अङ्ग पुगेको पूर्ण कथानक रहन्छ । यसको विकास व्यतिक्रमिक नभई क्रमिक र रेखीय ढङ्गमा अगाडि बढ्छ (लुइटेल, २०७६, पृ. २९२) । कथामा स्थापना भएका एकभन्दा बढी दृश्यविधानको अन्वय मिलाउने काम कथावस्तुले गरेको हुन्छ । लोककथामा कथानक निर्माणको समय र स्थानको उचित स्थापना कथावस्तुमा भएको हुन्छ । समय र स्थानको सम्बन्ध स्थापना कथामा गरिने हुनाले कथावस्तुले यसको संरचना मिलाएको हुन्छ ।

कथामा निर्माण गरिएको घटनालाई निकास दिन पनि कथावस्तुको विशेष महत्त्व रहन्छ । सहभागीका बिचमा विद्यमान द्वन्द्वलाई अगाडि बढाउन कथानकले सहयोग गर्छ । कथानकमा आएका घटना तथा प्रसङ्गले पात्र तथा परिवेश निर्धारण गर्छ । यस कारणले लोककथामा कथाको संरचना निर्माणका लागि कथावस्तु अत्यावश्यक मानिएको छ । कथाको कथावस्तु आफैँमा एउटा योजनाबद्ध सङ्गठन हो । जीवनजगत्का समस्त क्रियाव्यापारका लागि कथामा निर्माण गरिएका अन्य अवयवलाई साथमा डोहोऱ्याउने र उद्देश्य पहिचान गर्ने दिशा पहिल्याउने पद्धति कथावस्तु मानिएको छ । कथावस्तुले अन्य अवयवसित सम्बन्ध स्थापना गर्दै आफ्ना संरचनात्मक घटकलाई निश्चित उद्देश्यप्राप्तिको दिशामा अग्रसर गराएको हुन्छ । यसर्थ कथाको आदि, मध्य र अन्त्य भागको संरचनात्मक अनुक्रम मिलाउने काम कथावस्तुको हो । कथामा समावेश भएका सबै अवयवहरूको अवस्था र तिनको उपस्थितिलाई सार्थक बनाउने दिशामा कथावस्तु आफैँमा सहज ढङ्गले जोडिएको हुन्छ । कथामा स्थूल आकार ग्रहण गरी अन्य अवयवहरूलाई यसले स्थानिक मान्यता दिलाएको हुन्छ (पौड्याल, सन् २०२१, पृ.१५४) । कथामा कलात्मक मूल्य निरूपण गर्न उपस्थित रहने कथावस्तुविना कथा बन्न सक्दैन । घटना, कार्यव्यापार र आवश्यकताअनुसार द्वन्द्वको संयोजनबाट कथानक निर्मित हुन्छ र यसले मूलतः कालक्रमद्वारा शृङ्खलित घटनावली तथा कार्यव्यापारको योजनालाई जनाउँछ । अवयव वस्तुका रूपमा रहेका कथानकका घटनाहरू गतिशील हुन्छन् र ती सिधा वा बक्र रेखामा आरोहअवरोहका साथ अघि बढ्छन् (लुइटेल, २०६२, पृ. २२१) । त्यसैले लोककथामा कथानक महत्त्वपूर्ण तत्त्व हो । अपठितहरूको समूहले भन्ने र सुन्ने हुँदा लोककथामा घटनाहरूको क्रमबद्धता हुनु आवश्यक देखिन्छ । लोककथाको कथानकको विकासलाई यसरी देखाउन सकिन्छ :



(शर्मा, २०४८, पृ. ११६–१२५)

माथि प्रस्तुत गरिएको वर्गीकरणबाट कथाको आदि, मध्य र अन्त्य भागमा क्रमशः विषयको आरम्भ, सङ्घर्षविकास, सङ्कटावस्थाहरू र अन्त्यमा कथामा सङ्घर्षह्रास भई कथानकको समापन हुने कुरा प्रस्ट हुन्छ । कथानक विकासको पहिलो भाग आदि भाग हो । यसअन्तर्गत चिनारी र सङ्घर्ष विकास पर्छन् । कृतिमा आएका प्रमुख सहभागी, स्थान, समय र समस्याको उठान गर्नु चिनारी हो । यसमा लोककथाका सम्भावित समस्याको सङ्केत दिइएको हुन्छ । यसअन्तर्गत मुख्य सहभागी, स्थान, समय, परिवेशको जानकारी दिइएको हुन्छ । लोककथाको आदि भागमा आकस्मिक घटनाका कारण नयाँ समस्या उत्पन्न भई सहभागीहरूले सङ्घर्षको थालनी गर्नु प्रथम सङ्कटावस्था हो । यसपछि लोककथा मध्य भागतिर प्रवेश गर्छ । यस भागमा पहिलो सङ्कटावस्थाको विस्तार हुनुका साथै शृङ्खलाबद्ध रूपमा अन्य सङ्कटावस्था आउँछन् । सहभागीले बुद्धिमतापूर्ण ढङ्गमा समस्या समाधान गर्ने अथवा अझै बढी सङ्कट बेहोरेर पतन हुने अवस्थासम्म पुग्दछन् । यिनै सङ्कटावस्थासँगै कथानक पनि विस्तार हुँदै जान्छ र कथा चरम अवस्थामा पुग्दछ । अन्त्य भाग भनेको समापन भाग हो । यसको विकास सङ्घर्षह्रास र उपसंहार गरी दुई भागमा हुन्छ । सङ्घर्षह्रास भनेको कथाको अन्तिम सङ्कटावस्था हो । यसमा छरिएका कथानक एकीकृत भएर अगाडि बढ्छन् र कथानक समापन विन्दुमा पुग्छ । उपसंहार सङ्घर्षह्रास पछिको भाग हो जसमा सङ्घर्ष समाप्त भई कथाको अन्त्य हुन्छ ।

कथामा घट्ने घटनाहरूको व्यवस्थित र क्रमबद्ध ढाँचा वा स्वरुप हुन्छ । वस्तुविधान वा कथावस्तु भनेको कार्यकारणलाई महत्त्व दिने घटनाहरूको योजनाबद्ध समाख्यान हो । योजनाबद्ध हुनाले यसमा घटनाशृङ्खलाको उत्सुकताका साथ बौद्धिकता र स्मृतिको बुनोट पनि आवश्यक हुन्छ । कथानकमा घटनाको क्रमलाई लेखकले कारण र कार्यसहित विभिन्न ढङ्गले व्यवस्थापन गर्दछ । यो कथामा हुने घटनाहरूको तार्किक र रहस्यपूर्ण शृङ्खला हो र यसले नै कथालाई हाँकेर चरम तथा निश्चित निर्णयको अवस्थामा पुऱ्याउँछ (एटम, २०६१, पृ. १०३) । कार्यकारण सम्बन्धमा संबद्ध घटनाहरूको शृङ्खला भएकाले यसमा द्वन्द्व र त्यसबाट उत्पन्न हुने क्रियाको सर्वाधिक महत्त्व रहन्छ । कथामा आन्तरिक र बाह्य द्वन्द्वबाट नै पात्रहरूले अगाडिका क्रियाकलापहरू प्रदर्शन गर्दछन् र कथानक गतिशील भई शृङ्खलित रूपमा अगाडि बढ्दछ (बराल र एटम, २०६६, पृ. २४) । कथानक निर्माणका क्रममा कथाकारले हरेक घटना वा कार्यलाई नियमित र रहस्यपूर्ण ढङ्गमा सङ्गठित गरी त्यसलाई जीवन्त बनाउँछ भने कतिपय अवस्थामा चाहिँ ती घटनालाई नयाँ सूत्र, नवीन बान्की र प्रभावद्वारा पुनर्व्यवस्थापन पनि गर्दछ । कथामा कथानक नै मानवीय मनोभाव, विचार र कार्यव्यापारको आधारका रूपमा रहेको हुन्छ र कथाको मूल विचारलाई सुरुदेखि अन्त्यसम्म डोऱ्याउने भएकाले यसलाई निकै महत्त्वपूर्ण मानिन्छ । यसरी हेर्दा कथानकचाहिँ खास क्रममा राखिएका घटनाहरूको कार्यकारण शृङ्खलासहितको व्यवस्थित ढाँचा ठहर्दछ । घटनालाई योजनाबद्ध रूपले अगाडि बढाउने तत्त्वका रूपमा रहने कथाको रहस्यको जालोले नै कथानकलाई तार्किक ढङ्गले समाधानको दिशामा हिँडाउँछ । यसबाट पनि कथानक कथामा जीवन्तता प्रदान गर्ने महत्त्वपूर्ण अङ्ग रहेको प्रस्ट हुन्छ ।

लोककथाभित्र उल्लिखित घटकहरू मूलतः समावेश भएका हुन्छन् । उद्देश्य राखेरभन्दा पनि प्रस्तोता र श्रोताले मनोरञ्जनको अपेक्षा गरेर कथाभित्र उल्लिखित सैद्धान्तिक पर्याधारलाई अँगालेको देखिन्छ । यस्तै गरेर लोकवार्ताविज्ञानका सन्दर्भमा रिचार्ड बाउम्यानले सम्पादन सिद्धान्तलाई चर्चा गर्दै लोकसाहित्यलाई सञ्चार शक्ति र वाक्कलासँग जोडेका छन् । लाउरी होङ्कोले पर्यावरणीय महत्तालाई प्रश्रय दिएका छन् (भट्टराई, २०७२, पृ. ८७–८९) । उल्लिखित सैद्धान्तिक आधारमा रहेर यस अध्ययनलाई लोकसाहित्य अध्ययनका विभिन्न पद्धतिमध्ये साहित्यशास्त्रीय पद्धतिका आधारमा विश्लेषण गरिएको छ । साहित्यशास्त्रीय पद्धतिमा लोकसाहित्यलाई लिखित साहित्य जस्तै मानेर

अध्ययन–विश्लेषण गरिन्छ (लुइटेल, २०७६, पृ. २२) । यस अध्ययनमा उल्लिखित सैद्धान्तिक पृष्ठाधारमा रहेर कथाभित्र पर्ने अनिवार्य घटकहरूमध्ये कथानक वा वस्तुविधान पक्षको यहाँ अध्ययन गरिएको छ ।

**परिणाम र विमर्श**

वस्तुविधानको सिद्धान्तअनुसार कथानकको विकासको तात्पर्य यो आदि, मध्य र अन्त्यद्वारा समृद्ध हुनु हो भन्ने हुन्छ । पूर्वीय साहित्यशास्त्रमा प्रारम्भ, यत्न, प्राप्त्याशा नियताप्ति र फलागम गरेर नाटकमा कथावस्तुको पाँच कार्यावस्था हुने बताइएको छ । कथाका तत्त्वहरू कथानक, पात्र, परिवेश, उद्देश्य र भाषाशैलीमध्ये सबैभन्दा महत्त्वपूर्ण तत्त्व कथानकको आधारमा स्त्रीको खेल कथाको विश्लेषण गरिएको छ । कथानकको आधारमा वा वस्तुविधानको आधारमा कथाको विश्लेषण गर्दा कथानकको स्रोत, कथानकको गठन, कथानकको विकासक्रम, कुतुहल,र कथानकको ढाँचा जस्ता पक्षलाई आधार मानिएको छ । वस्तुविधानको मुख्य पक्ष कथानकको स्रोत,कथानकको गठन, कथानकको विकासक्रम, कुतूहल र कथानकको ढाँचाको आधारमा कथाको विश्लेषण गरी परिणाममा पुगिएको छ । विभिन्न पक्षको आधारमा कथाको विश्लेषण गरी परिणाममा पुग्नुको विमर्श तल प्रस्तुत गरिएको छ :

**कथानकको स्रोत**

कथानकको स्रोत घटनाको आधार हो । यसलाई विषयवस्तुगत आधार पनि भन्न सकिन्छ । यो प्रख्यात, काल्पनिक र मिश्रित हुन्छ । ऐतिहासिक, पौराणिक, लोकसाहित्यमा आधारित कथानक प्रख्यात हुन् । कल्पनाका आधारमा बनाइएको कथानक काल्पनिक अनि प्रख्यात एवं काल्पनिकको मिश्रण गरिएको मिश्रित कथानक हो (घर्ती, २०७९, पृ. १४) । कथानकको स्रोत इतिहास, पौराणिक, स्वैरकल्पना, धार्मिक, मिथक आदि हुन्छन् । प्रस्तुत स्त्रीको खेल कथानकको स्रोत स्वैरकल्पना हो । यथार्थभन्दा परको अप्राकृतिक घटना र पात्रसँग सम्बन्धित र अलौकिक संसारको प्रस्तुतिमा केन्द्रित उडन्ते कल्पनालाई स्वैरकल्पना भनिन्छ । जादुको शक्ति तथा विभिन्न किसिमका असम्भव विषयको चयन गर्ने भएकाले यसमा कथानक, सारवस्तु वा परिवेशको मूल तत्त्वका रूपमा अलौकिकता, कल्पना, जादु आदि नेपाली कथामा प्रयुक्त कथानकका स्रोत रूपमा आएका हुन्छन् । प्रस्तुत कथाको कथानकको स्रोत पनि स्वैरकल्पना भएकाले यहाँ प्रस्तुत भएको घटना पनि असम्भव खालको, काल्पनिक तथा उडन्ते खालको विषयवस्तु पाइन्छ ।

कथानकको स्रोत इतिहास,पौराणिक, स्वैरकल्पना, धार्मिक, मिथक आदि हुन्छन् । प्रस्तुत स्त्रीको खेल कथानकको स्रोत स्वैरकल्पना हो । पानी निकाल्ने हो भने तपाईको कान्छी बुहारी भोग दिनुपर्छ भन्नु, नजिकैको कोठामा केही समय पहिले राजकुमारले एउटा राक्षस थुनेर राखेको हुनु, आगो लिन गएको समयमा राजाको छोरा र राक्षसको बिचमा ठुलो युद्ध हुनु, युद्धमा राजकुमारले राक्षसलाई जिते अनि आगोसहित राक्षसलाई ल्याएर त्यहीँ सातकोठा मध्ये एक कोठामा थुनेर राखेका हुनु, महिला बिरामी परेको बहाना गर्न लाग्नु, राक्षसले भनेको थियो–मलाई बिरामी पर्दा बघिनीको दूध चाहिन्छ भन्नु बाघको दूध लिन जाँदा बाघले त्यसलाई सक्छ अनि बसेर मोज गरौंला, बघिनीको दूध लिएर आए तर उनी नमर्नु, एउटा ठूलो नागले राजकुमारलाई निल्न लाग्नु, राजकुमारले कम्मरको खुकुरीले नागले जति निल्छ त्यति काटेझैं गयो, नागको पुछारमा पुग्दा फिज पनि आयो अनि नाग पनि मर्नु, त्यही फिज ल्याएर दिए, त्यसले पनि उनीलाई निको नहुनु, राजकुमारलाई मारेर मुटुकलेजो नदीमा बगाइदिनु, ठहर (टपरी) मा हालेर बगाएको त्यो मुटु कलेजो अर्को देशका राजाकी छोरीले स्नान गरेको ठाउँमा पुग्नु, समाउन खोज्दा भाग्ने तर बिस्तारै नजिक आउने फेरि समाउन खोज्दा भाग्ने गर्दागर्दै बल्लबल्ल समाएर हेर्नु र हेरेर बाबुलाई देखाउन हतारहतार बोलाउनु, हेर्दाहेर्दै त्यहाँ सानो

केराऊ जत्रो टल्किने बस्तु थियो, त्यही बढेर गुच्चा जत्रो हुनु पछि मानिस नै हुनु जस्ता घटनाले यो कथाको कथानकको स्रोत स्वैरकल्पना भएको पुष्टि हुन्छ । त्यसैले यो स्त्रीको खेल कथाको कथानकको स्रोत स्वैरकल्पना हो ।

**कथानकको गठन**

कथानकको गठन सरल र जटिल प्रकारको हुन्छ । कथामा एउटा मात्र कथानकको प्रयोग सुरुदेखि अन्त्यसम्म भएको छ भने त्यस्तो कथानक भएको कथा सरल हुन्छ र एकभन्दा बढी कथानकको प्रयोग छ भने चाहिँ जटिल हुन्छ । कथा, उपन्यासमा कहीँ एउटा मात्र कथा हुन्छ र त्यसलाई सरल कथानक अनि कहीँ एकभन्दा बढी कथा प्रस्तुत गरिएको हुन्छ र त्यसलाई जटिल कथानक भनिन्छ । जटिल कथानकमा एउटा मूल विषयसँग सम्बन्धित हुन्छ, त्यो सुरुदेखि अन्त्यसम्म फैलिएको हुन्छ, त्यस्तोलाई आधिकारिक कथानक भनिन्छ र अन्यलाई प्रासङ्गिक कथानक भनिन्छ । प्रासङ्गिक कथानक आधिकारिक कथानकको हुन्छ । त्यसले मूल कथालाई अघि बढाउन मद्दत गर्दछ (घर्ती, २०७९, पृ.१४) । जटिल कथानक भएको कथामा सहायक तथा अन्य कथानक मुख्य कथानकको अधीनमा पनि हुन सक्छ र अधीनमा नरही स्वतन्त्र पनि हुन्छ । जटिल कथानकको प्रयोग उपन्यासमा ज्यादा गरिन्छ, कथामा भने सामान्यतः समानान्तर प्रकारको जटिल कथानकको प्रयोग गरिँदैन । यसले गर्दा एउटा मुख्य कथानकलाई समर्थन गर्ने हदसम्म छोटा सहायक कथानकको सम्भावना कथामा रहन्छ (बराल, २०६९, पृ. ७४–८३) । प्रस्तुत स्त्रीको खेल कथाको गठन सरल प्रकारको छ । यसमा एउटामात्र कथानकको प्रयोग कथाको सुरुदेखि अन्त्यसम्म भएको छ । एकभन्दा बढी कथानकको प्रयोग नभई राजा, राजकुमार, राजकुमारकी श्रीमती र राक्षसको सेरोफेरोमा कथावस्तु अघि बढेको छ ।

**कथानकको विकासक्रम**

कथामा जसरी घटनाहरूको क्रमबद्ध श्रृङ्खला हुन्छ लोककथामा पनि त्यस्तै प्रकारको विन्यास हुन्छ । कथानकभित्र कार्यव्यापार हुन्छ । कथानक आदि, मध्य र अन्त्यको क्रममा ढाँचामा अगाडि बढेको हुन्छ । कथानकको विकास आदि, मध्य र अन्त्यको श्रृङ्खलामा मिलेको हुनुपर्दछ । जहाँबाट आगामी घटनाबारे जिज्ञासा उत्पन्न हुन्छ, त्यहाँसम्मको घटनालाई आदि भाग, पहिलेको जिज्ञासाको समाधान र आगामी घटनाप्रति कौतूहलको सिर्जना हुने घटनाहरूलाई मध्य भाग र सम्पूर्ण जिज्ञासा समाप्त हुने अवस्थालाई अन्त्य भाग भनिन्छ । घटनाको आरोह अवरोहलाई कथानकको अवस्था भनिन्छ । अवस्थाका आधारमा कथानलाई परिचय, सङ्घर्षविकास, चरमोत्कर्ष र उपसंहार गरी पाँच खण्डमा विभाजन गर्न सकिन्छ। प्रमुख पात्रको परिचय, पात्रको अवस्थाको परिचय र पात्रले भोग्नुपरेको समस्याको परिचय रहेको खण्ड परिचय, समस्या समाधानका लागि पात्रको प्रयत्न र एकपछि अर्को सङ्कटको सिर्जना हुँदै गरेको अवस्था सङ्घर्ष विकास, सङ्घर्षको गम्भीर अवस्था चरमोत्कर्ष, सङ्घर्ष वा सङ्कट मत्थर हुँदै गएको अवस्था सङ्घर्षह्रास र सङ्घर्षको समाप्ति र परिणतिको अवस्था उपसंहार हो। यी पाँच अवस्थाभन्दा आधुनिक साहित्यमा आदि, मध्य र अन्त्यको श्रृङ्खलालाई नै कथानक विकासका रूपमा बढी ग्रहण गरिएको पाइन्छ (घर्ती, २०७९, पृ. १४) ।

लोककथामा हुने घटनाक्रमलाई आदि, मध्य र अन्त्यका रूपमा संयोजन गर्ने तत्त्व कथानक हो । यसर्थ लोककथामा कथानकलाई अनिवार्य घटक स्वीकार गरिएको छ । कथाको आदि, मध्य र अन्त्य भागमा क्रमशः विषयको आरम्भ, सङ्घर्षविकास, सङ्कटावस्थाहरू र अन्त्यमा कथामा सङ्घर्षह्रास भई कथानकको समापन हुने कुरा प्रस्ट हुन्छ । कथानक विकासको पहिलो भाग आदि भाग हो । यसअन्तर्गत चिनारी र सङ्घर्ष विकास पर्छन् । कृतिमा आएका प्रमुख सहभागी, स्थान, समय र समस्याको उठान गर्नु चिनारी हो । यसमा लोककथाका सम्भावित समस्याको सङ्केत दिइएको हुन्छ । यसअन्तर्गत मुख्य सहभागी, स्थान, समय, परिवेशको जानकारी दिइएको हुन्छ । लोककथाको आदि भागमा आकस्मिक घटनाका कारण नयाँ समस्या उत्पन्न भई सहभागीहरूले सङ्घर्षको थालनी गर्नु प्रथम

सङ्कटावस्था हो । यसपछि लोककथा मध्य भागतिर प्रवेश गर्छ । यस भागमा पहिलो सङ्कटावस्थाको विस्तार हुनुका साथै श्रृङ्खलाबद्ध रूपमा अन्य सङ्कटावस्था आउँछन् । सहभागीले बुद्धिमतापूर्ण ढङ्गमा समस्या समाधान गर्ने अथवा अझै बढी सङ्कट बेहोरेर पतन हुने अवस्थासम्म पुग्दछन् । 'स्त्रीको खेल' कथाले आदि, मध्य र अन्त्यको संयोजनलाई समेटेको छ । राजकुमार प्रतापी हुनु र तिनकी श्रीमती हुनु, राजाले पानी ल्याउन बुहारीको भोग दिन खोज्नु र श्रीमतीले राक्षससगँ मिलेर राजकुमारको हत्या गर्नु जस्ता घटनालाई प्रारम्भबाटै बोध गराएको छ । कथामा व्यक्त भएका घटनालाई रैखिक ढाँचामा प्रस्तुत गरिएको छ । राजाले शिकार खेल्न जाँदा पानी नपाएर सातओटा इनार र कुवा खनाउनु र पानी नआएपछि ज्योतिषले बुहारीको भोग दिनु दिनुपर्छ भन्नु, राजकुमारले श्रीमती भगाउनु जस्ता घटनाबिचको तारतम्य, श्रीमती र राक्षस मिलेर राजकुमारको हत्या गरेपछि मुटु कलेजोबाट राजकुमारले पुनर्जन्म पाउनु लगायतका प्रसङ्गलाई कथामा एकपछि अर्को घटनाक्रममा मिलाइएको देखिन्छ ।

**कौतूहल**

कौतूहल भावी घटनाप्रति जिज्ञासा उत्पन्न गर्ने तत्त्व हो। यो घटनाको क्रमिक विकास र कार्यकारणको सम्बन्धद्वारा उत्पन्न हुन्छ । वस्तुविधानको महत्त्वपूर्ण पक्ष कौतूहल पनि हो । कथामा कथानकको अन्त्य कस्तो प्रकारले भएको छ भन्ने कुराले यस सन्दर्भमा धेरै महत्त्व राख्छ । जुन कुराको सुरु हुन्छ, त्यसको अन्त्य पनि निश्चित हुन्छ । यो सार्वभौम नियम हो । यसैले कथाको प्रारम्भ भएजस्तै अन्त्य पनि हुने नै भयो । कथा पढ्नका लागि पाठकलाई प्रेरित गर्न प्रारम्भको जुन महत्त्व हुन्छ, त्यसलाई अझ बढी स्मरणयोग्य बनाउनका लागि अन्त्यको महत्त्व उत्तिकै हुन्छ । कथामा पाठकको महत्त्व कति हुन्छ भन्ने कुरा नेपालीमा लोककथा भनिसकेपछि 'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला' भनेको बाट पनि स्पष्ट हुन्छ । यसमा सुन्ने मान्छेले सुनको माला पाउने कुरा उल्लेख गरिएको छ भने भन्ने मान्छेले फूलको माला । त्यसैले कथाको अन्त्यको महत्त्व अझ बढी हुन्छ । कतिपय कथाको अन्त्य गर्दा त्यसको खोजी प्रारम्भकै सन्दर्भबाट गरी पूरै घटनाको बहाबलाई समेट्ने गरेर अन्त्य गर्ने चलन पनि छ । यस्तै पाठकमा कुनै जिज्ञासा बाँकी नहुने गरी पनि कथाको अन्त्य गरिन्छ भने केही कुरा गोप्य राखेर खुल्दुली उत्पन्न हुने गरी अन्त्य गर्ने पनि गरिन्छ । कथामा आएका समस्यालाई समाधान गरेर, समाधान नगरी सन्देह बाँकी रहने गरेर र सोच्दै नसोचेको सन्दर्भ प्रस्तुत गरेर पनि कथाको अन्त्य गरिएको पाइन्छ भने कसिलो तथा खुकुलो दुवै प्रकारको प्रविधि पनि प्रयोग गरिन्छ । लोककथा तथा मिथकहरूमा प्रायः बन्द अन्त्यको प्रयोग गरिएको हुन्छ भने आधुनिक कथामा यस्तो प्रयोग तुलनात्मक रूपमा कम हुन थालेको छ (बराल, २०६९, पृ. ७४–८३) । खोटाङ जिल्लाको दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा प्रचलित 'स्त्रीको खेल कथामा लोककथाकै शैली अनुरूप बन्द अन्त्य गरिएको छ । राजकुमारको पहिलो श्रीमतीलाई भोग दिने सन्दर्भबाट सुरु भएको घटना राजकुमार पुनर्जन्म पाएर दोस्रो राजकुमारीसँग विवाह गरी आधा राज्य पाएर आनन्दले बसेको घटनासँगै कथाको अन्त्य भएको छ । यो अन्त्यसँगै पाठकको मनमा अब के हुन्छ भन्ने जिज्ञासको अन्त्य भएको छ । तसर्थ कथाको अन्त्यसँगै पाठकको कुतूहलताको पनि अन्त्य भएको छ ।

**कथानकको ढाँचा**

कथानकको प्रस्तुतिगत स्वरूपलाई कथानक ढाँचा भनिन्छ । एउटा बिन्दुबाट सुरु भएर अर्को बिन्दुमा टुङ्गिने रैखिक र जुन बिन्दुबाट सुरु भएको हो त्यही बिन्दुमा आएर टुङ्गिने ढाँचा हो। अहिलेका प्रयोगशील आख्यानमा अर्धवृत्ताकारीय वा अरैखिक ढाँचाको प्रयोग पनि पाइन्छ । कालक्रम घटनाको समयप्रवाह हो। निरन्तर अघि बढ्दै गएर अन्त्य हुने कथानकलाई क्रमिक र पछाडितर्फ मोडिनेलाई व्यतिक्रमिक भनिन्छ (घर्ती, २०७९, पृ.१४) । कथामा आदि, मध्य र अन्त्य भाग क्रमशः आउने कथानकको ढाँचा रैखिक हो । अरैखिक कथामा पहिले अन्त्य आएर पछि प्रारम्भ

पनि आउन सक्छ भने बिचबिचमा पनि क्रम खजमजिन सक्छ (बराल, २०६९, पृ. ७४–८३)। प्रस्तुत 'स्त्रीको खेल' कथा दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा प्रचलित मझौला आयामको लोककथा हो । प्रस्तुत कथामा स्त्रीले आफ्नो श्रीमान्लाई मार्न दुःख दिएको कुरा देखाइएको छ । राक्षससँग मिलेर राजकुमारकी श्रीमतीले राजकुमारलाई धेरै दुख दिने गरेको र अन्त्यमा खाल्टो खनेर पासो थापी राजकुमारलाई मारेको घटनापछि कथा समापन तिर लाग्छ । यहाँ यस कथालाई लोककथाका संरचक घटक कथानकका आधारमा विश्लेषण गरिएको छ । यो कथाको कथानक आदि, मध्य र अन्त्यको क्रममा अघि बढेको छ । रैखिक ढाँचामा कथानक अघि बढेको छ । एकादेशमा राजा सिकारमा गएका हुनु, उनले सिकार खेल्न जाँदा वनमा कहीँ पानी नभेट्टाउनु, जस्ता घटनाबाट सुरु भएर नयाँ ससुराले उनलाई आधा राज्य दिए । उनको त्यो सात कोठाको राज्यसमेत कसैले आफ्नो नयाँ राज्यमा मिलाएर शान्तिपूर्ण रूपमा राज्य गरेर आनन्दले दिन बिताउन थाल्यो । कथाको आदि, मध्य र अन्त्यको श्रृङ्खला व्यवस्थित रहेको छ ।

**निष्कर्ष**

प्रस्तुत अध्ययनमा 'स्त्रीको खेल' शीर्षकको लोककथाको वस्तुविधानको पक्षलाई आधार मानी खोटाङ जिल्लाको दिक्तेल–रूपाकोट–मझुवागढी क्षेत्रमा प्रचलित 'स्त्रीको खेल' नामक लोककथाको विश्लेषण गरिएको छ । हालसम्म यस क्षेत्रमा प्रचलित लोककथाको वस्तुविधान वा कथानकको आधारमा अध्ययन नभएकोले यो अध्ययन गरिएको हो । लोककथाको विधातात्त्विक अध्ययनमा विधामा हुने कथानक, पात्र, परिवेश, कथोपकथन, द्वन्द्व, उद्देश्य, शैली र भाषा आदिको आधारमा लोककथाको विश्लेषण गरिन्छ तर यहाँ तीमध्ये वस्तुविधान वा कथानकका आधारमा 'स्त्रीको खेल' शीर्षकको कथाको विश्लेषण गरिएको छ । वस्तुविधानको मुख्य पक्ष कथानकको स्रोत, कथानकको गठन, कथानकको विकासक्रम, कुतूहल र कथानकको ढाँचाको आदि हुन् । कथानकको स्रोत इतिहास,पौराणिक, स्वैरकल्पना, धार्मिक, मिथक आदि हुन्छन् । प्रस्तुत स्त्रीको खेल कथानकको स्रोत स्वैरकल्पना हो । कथाको कथानकको स्रोत पनि स्वैरकल्पना भएकाले यहाँ प्रस्तुत भएको घटना पनि असम्भव खालको, काल्पनिक तथा उडन्ते खालको विषयवस्तु पाइन्छ । कथानकको गठन सरल र जटिल प्रकारको हुन्छ । कथामा एउटा मात्र कथानकको प्रयोग सुरुदेखि अन्त्यसम्म भएको छ भने त्यस्तो कथानक भएको कथा सरल हुन्छ र एकभन्दा बढी कथानकको प्रयोग छ भने चाहिँ जटिल हुन्छ । यसमा एउटामात्र कथानकको प्रयोग कथाको सुरुदेखि अन्त्यसम्म भएको छ । प्रस्तुत स्त्रीको खेल कथाको गठन सरल प्रकारको छ । कथानक आदि, मध्य र अन्त्यको क्रममा ढाँचामा अगाडि बढेको हुन्छ । कथामा आदि, मध्य र अन्त्यको सामञ्जस्य हुन्छ । लोककथामा हुने घटनाक्रमलाई आदि, मध्य र अन्त्यका रूपमा संयोजन गर्ने तत्त्व कथानक हो । यसर्थ लोककथामा कथानकलाई अनिवार्य घटक स्वीकार गरिएको छ । 'स्त्रीको खेल' कथाले आदि, मध्य र अन्त्यको संयोजनलाई समेटेको छ । कथामा कथानकको अन्त्य कस्तो प्रकारले भएको छ भन्ने कुराले यस सन्दर्भमा धेरै महत्त्व राख्छ । जुन कुराको सुरु हुन्छ, त्यसको अन्त्य पनि निश्चित हुन्छ । यो अन्त्यसँगै पाठकको मनमा अब के हुन्छ भन्ने जिज्ञासको अन्त्य भएको छ । तसर्थ स्त्रीको खेल कथाको कथानकको अन्त्यसँगै पाठकको कुतूहलताको पनि अन्त्य भएको छ । आदि, मध्य र अन्त्य भाग क्रमशः आउने कथानकको ढाँचा रैखिक हो । स्त्रीको खेल कथाको आदि, मध्य र अन्त्यको श्रृङ्खला व्यवस्थित रहेको छ । तसर्थ वस्तुविधानको सिद्धान्तको आधारमा हेर्दा यो कथा पठनीय देखिन्छ । लोककथाको कथा संरचना वा ढाँचा अनुरूप वस्तुविधानको सिद्धान्तको आधारमा प्रस्तुत कथा सबल र प्रभावकारी देखिएको छ ।

**सन्दर्भ सामग्रीसूची**

अवस्थी, कृष्ण (२०७७), "डोटेली लोककथाको विधातात्विक अध्ययन", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर।

एटम, नेत्र (२०६१). समालोचनाको स्वरूप. ललितपुर : साझा प्रकाशन।

ओझा, पूर्णानन्द (२०७४), "डोटी क्षेत्रमा प्रचलित लोककथाको संरचना", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग।

कार्की, सन्तोष (२०७९), "सङ्खुवासभाको धर्मदेवी क्षेत्रमा प्रचलित लोककथाको संरचनात्मक अध्ययन", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर।

घर्ती, दुर्गाबहादुर (२०७९), केही दृष्टिकोण केही विश्लेषण, ओरिएन्टल प्रकाशन, काठमाडौँ

पराजुली, मोतीलाल (२०७१), नेपाली लोककथा : सिद्धान्त र विश्लेषण, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा. लि.।

पौडेल, द्रोणकुमार उपाध्याय (२०७४), लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

पौड्याल, षडानन्द (सन्२०२१ पृ.१५४–१५६), 'कथाको सैद्धान्तिक विमर्श' त्रिभुवन विश्वविद्यालय, अनुसन्धान शाखा। (https://www.researchgate.net/search.Search.Search.html), DOI:10.3126/ijmss.v2i2.42624

बन्धु, चूडामणि (२०७२), लोकसाहित्यका सिद्धान्त र अध्ययन पद्धति, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६). उपन्यास–सिद्धान्त र नेपाली उपन्यास (तेस्रो संस्क.). ललितपुर : साझा प्रकाशन।

बराल,कृष्णहरि (२०६९), कथासिद्धान्त , काठमाडौँ एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.ली

भट्ट, नवराज, (२०७४) "डोटी जिल्लाको डुम्राकोट क्षेत्रमा प्रचलित लोककथाको अध्ययन", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग कीर्तिपुर।

लामिछाने, कपिलदेव (२०७७), लोकसाहित्य सिद्धान्त, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

लुइटेल, खगेन्द्रप्रसाद, (२०६२), कविताको संरचनात्मक विश्लेषण, काठमाडौं : रत्न पुस्तक भण्डार।

लुइटेल, खगेन्द्रप्रसाद (२०७६), लोकवार्ताविज्ञान (सिद्धान्त र विश्लेषण) (पहिलो संस्करण),

काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

शर्मा, मोहनराज (२०४८), शैलीविज्ञान काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान।

शर्मा, मोहनराज (२०५५), समकालीन समालोचना : सिद्धान्त र प्रयोग, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।